अनुसूची-२

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

बर्दिबास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः-९ संख्याः-४ मितिः-२०८३/०३/२५

भाग-२

बर्दिबास नगरपालिका

# मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८३

कार्यपालिका बैठकबाट पारित मिति: २०८३।०३।२५

## मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८३

**प्रस्तावना**

बर्दिबास नगरपालिका भित्रको सडक, सिँचाई, खानेपानी,उर्जा, भवन लगायत समग्र भौतिक पूर्वाधार तथा संरचनाको समयमै मर्मत सम्भार गरी दिगो व्यवस्थापनको लागि मर्मत सम्भार कोष स्थापना तथा संचालन गर्न वाञ्छानीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

क) यो कार्यविधिको नाम "मर्मत संभार कोष संचालन कार्यविधि २०८३" रहने छ ।

ख) यो कार्याविधि तुरुन्तै लागु हुनेछ ।

**२. परिभाषा:-**

क) "नगरपालिका" भन्नाले बर्दिबास नगरपालिकालाई बुझाउनेछ ।

ख) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र बस्ती क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष लाभ पुग्ने समूहबाट उक्त योजना संचालन तथा व्यवस्थापन गर्न बनेको समितिलाई बुझाउनेछ ।

ग) "कार्यविधि" भन्नाले मर्मत संभार कोष संचालन कार्यविधि २०८३ लाई बुझाउनेछ ।

घ) "मर्मत सम्भार" भन्नाले बर्दिबास नगरपालिका भित्रको भौतिक संरचना तथा सार्वजनिक सम्पत्तिको निर्माण, स्तरोन्नती तथा मर्मत सम्भार कार्य सम्झनु पर्दछ ।

**३. कोष स्थापना:-**

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

ग) नगरसभाबाट मर्मत संभारकोषमा जम्मा गर्न विनियोजन भएको रकम,

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त हुने रकम,

ङ) ऋणबाट प्राप्त हुने रकम,

च) अन्य स्थानिय तहबाट प्राप्त हुने रकम,

छ) विविध स्रोतबाट प्राप्त हुने रकम ।

**४. कोष संचालन विधि**

क) कोषको नाममा प्राप्त हुन आएको रकम बर्दिबास नगरपालिकाको मर्मत संभार कोषको नाममा जम्मा गरिनेछ ।

ख) नगरक्षेत्र भित्र बसोबास भएका नगरबासीहरुको मागमा आधारीत भएका योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

ग) सडक, सिंचाई , खानेपानी, साना पुल पुलेसा , उर्जा र भवन लगायतका संरचनाहरुको मर्मत संभार गर्नु पर्ने आवश्यकता पहिचान तथा मर्मत संभारको सिफारिस सम्बन्धित वडाले नगरपालिकामा दिनुपर्नेछ ।

घ) नगरपालिकामा निवेदन दर्ता भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राविधिक कर्मचारी खटाई मर्मत संभार गर्नुपर्ने संरचनाको लागत इस्टीमेट तयार गर्न लगाउनु पर्नेछ ।

ङ) प्राविधिकबाट लागत इस्टीमेट प्राप्त भएपश्चात नगर प्रमुखले तोक आदेश गरी प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्रत्यायोजन भएको अधिकृत कर्मचारीले योजना सम्झौता गरी कार्यदिश दिनु पर्नेछ ।

च) कार्यसम्पन्न पश्चात प्राविधिक मूल्याङ्कन , बिल भर्पाइ, अनुगमन प्रतिवेदन र वडाको भुक्तानी सिफारिसका आधारमा सम्बन्धित पक्षलाई भुक्तानी दिइनेछ ।

छ) उपभोक्ता समिति मार्फत मर्मत संभार गर्नु परेमा सम्बन्धित उपभोक्ता समितिबाट कम्तीमा १०% जन श्रमदान गर्नुपर्नेछ ।

ज) कोषको खाता संञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

झ) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

ञ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

ट) प्राकृतिक प्रकोपबाट क्षति भएका संरचनाहरु मर्मत गर्नु परेमा विपद व्यवस्थापन कोषका साथै यस कोषबाट समेत खर्च गर्न सकिनेछ ।

**५. कोषको खर्च प्रणाली**

मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत संभारको कार्यमा नियमित, पटके र आकस्मिक मर्मत संभार सम्बन्धित कार्यमा मात्र खर्च गरिनेछ ।

१) सडक, कल्भर्ट, पूल, ढल आदीको मर्मत संभार सम्बन्धी कार्य,

२) सिँचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संभार सम्बन्धी कार्य,

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य,

४) सार्वजनिक निकायका भौतिक संरचना एवं भवनहरुको मर्मत संभार सम्बन्धी कार्य,

५) सडक बोर्ड वा अन्य साझेदार निकाय सँगको साझेदारीमा नगरभित्र गरिने सडक मर्मत कार्य,

६) सडक मर्मत लागि प्रयोग हुने नगरपालिकाको हेभी इक्युपमेन्टहरुको इन्धन तथा मर्मत कार्य,

७) मर्मत संभार कोषको प्रयोगबाट निर्माण भएका भौतिक संरचनाको मर्मत संभार सम्बन्धी कार्य गर्ने

बाहेक कार्यालयको प्रशासनिक खर्च जस्ता कार्यमा खर्च गरिने छैन् ,

८) मागमा आधारीत अन्य मर्मत सम्भार कार्य ।

**६.मर्मत संभार कार्य गराउने व्यवस्था:**

क) नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार गर्नु पर्दा स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ । नगरपालिका क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत संभार, पटके मर्मत संभार, आवधिक मर्मत संभार, आकस्मिक मर्मत संभार प्रचलित कानुन बमोजिम हुनेछ ।

ख) मर्मत सम्भार कोषबाट भएको खर्च अनुमोदनको लागि नगरसभामा पेश गर्नुपर्नेछ ।

**७.संसोधन वा खारेजी**

क) मर्मत संभार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा नगरकार्यपालिकाबाट हुनेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्याविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत